**बैठक संख्या: ८/२०७९/०८०**

**मिति: २०७९/०९/०४**

**समय: दिउँसो १:०० बजे**

**स्थान: भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष**

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| क.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | चन्द्रसिंह श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |

**अन्य**

| | | | | |
|---|---|---|---|---|
| | | उपेन्द्र यादव | जस्वानि | |
| | | गणेश वली | लेखा अधिकृत | |
| | | प्रेम प्रसाद भट्टराई | अधिकृत छैटौं | |

सन्तोष घर्ती

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ८/०७९-८० मिति २०७९/०९/०४ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**प्रस्तावहरु:**

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १ | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा | |
| २ | एकीकृत घुम्ती शिविर तथा नियमित सेवा प्रवाह समीक्षा सम्बन्धमा | |
| ३ | आय व्ययको समीक्षा सम्बन्धमा | |
| ४ | एकीकृत घुम्ती शिविरमा खटिने कर्मचारी प्रोत्साहन सम्बन्धमा | |
| ५ | खानेपानी, सरसफाई तथा स्वच्छता योजना सम्बन्धमा | |
| ६ | चिस्यान केन्द्र तथा कृषि उपज संकलन केन्द्र जग्गा छनौट सम्बन्धमा | |
| ७ | ठेक्काबाट बचत रकम कार्यान्वयन सम्बन्धमा | |

निर्णय प्रमाणित गर्छु।
हस्ताक्षर:
मिति: २०७९/०९/०४
पद:

**बैठक सं. ८/०७९-८० मिति २०७९।०९।०४ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब**

**निर्णय नं. १:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को बैठक संख्या ६ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा सबै निर्णय कार्यान्वयन नभएकाले निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने र आगामी दिनमा निर्णय कार्यान्वयन कार्ययोजना समेत तयार गर्ने निश्कर्ष निकालियो।

**निर्णय नं. २:**

गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुबाट २०७९ मङ्सिर महिनामा सम्पादित काम र सेवा प्रवाहको अवस्था बारे समीक्षा गर्दा सन्तोषजनक रहेको निश्कर्ष निकालियो। अघिल्लो कार्यपालिका बैठकको निर्णयानुसार मिति २०७९ मङ्सिर २२ गतेदेखि सञ्चालित स्वास्थ्य शिविर, प्रशासनिक सेवा लगायत एकीकृत घुम्ती सेवा शिविरको समीक्षा गर्दा गाउँ कार्यपालिकाको कार्यालयबाट प्रवाह हुने सेवा वडास्तरबाट नै प्रवाह गर्दा सेवा थप जनमुखी र सेवाग्राहीमुखी भएकोले आगामी दिनमा समेत एकीकृत सेवा प्रवाहलाई निरन्तरता दिँदै ठूलो भूगोल र जनसङ्ख्या भएका वडाहरुमा समेट्ने गरी घुम्ती शिविर सञ्चालन गर्ने साथै भूगोल ठूलो भई वडा नं. ८ को कोर्जामा घुम्ती शिविर सञ्चालन नभएकाले मिति २०७९।०९।१५ गते पुनः सञ्चालन गर्ने र आगामी दिनमा वडा कार्यालयभन्दा बाहिरको वस्ती छनौट गरेर सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३:**

चालु आर्थिक वर्ष २०७९।०८० को मङ्सिर महिनासम्मको आय र व्ययको समीक्षा गर्दा आयतर्फ सन्तोषजनक रहेको र व्ययतर्फ पूँजीगत खर्च वृद्धिमा जोड दिनुपर्ने निश्कर्ष निकालियो ।

**तपसिल**

| शीर्षक | बार्षिक बजेट | प्राप्ति/खर्च | प्रतिशत | मौज्दात |
|---|---|---|---|---|
| जम्मा आम्दानी | ५५,९२,६२,४५२ | २२,१२,७८,२६० | ३९.५६ | ३३,७९,८४,१९१ |
| जम्मा खर्च | ५५,९२,६२,४५२ | ९,७९,७६,४०५ | १७.५१ | ४६,१२,८६,०४६ |
| चालु खर्च | ३३,१३,४४,३८० | ८,६५,५५,६६४ | २६.१२ | २४,४७,८८,७१५ |
| पूँजीगत खर्च | २१,७९,१८,०७२ | १,१४,२०,७४१ | ५.२४ | २०,६४,९७,३३१ |

**निर्णय नं. ४:**

भूमे गाउँपालिकाद्वारा मिति २०७९।०८।२२ देखि सञ्चालित एकीकृत घुम्ती सेवामा ९ वटै वडासम्म खटिई महत्वपूर्ण योगदान गर्ने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई कार्यालयकोतर्फबाट कदर-पत्र प्रदान गरी कर्मचारी प्रोत्साहन तथा पुरस्कार शीर्षकबाट प्रोत्साहन स्वरुप जनही रु. २५००।- उपलब्ध गराउने साथै घुम्ती शिविरलाई सफल पार्ने सम्पूर्ण जनप्रतिनिधि तथा सेवाग्राही स्थानीयबासी, सञ्चार जगतलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

भूमे गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजनालाई अन्तिम रुप दिई nWASH प्रणालीमा समेत १५ दिनभित्र सम्पन्न गर्ने गरी सबै निकायसँग छलफल तथा समन्वय गर्ने साथै, प्रणाली अद्यावधिक तथा योजना प्राथमिकीकरण सम्बन्धी कार्यालयको जनशक्तिले सम्पन्न गर्न नसक्ने अवस्थामा परामर्श सेवा समेत लिने निर्णय सर्वसम्मत रुपमा गरियो ।

## भूमे गाउँपालिका, रुकुम (पूर्व)
### बैठक सं. ८/०७९-८० मिति २०७९।०९।०४ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**निर्णय नं. ६:**

चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत चिस्यान केन्द्र र कृषि उपज संकलन केन्द्र निर्माणका लागि तपसिल बमोजिमको स्थान छनौट गरी निःशुल्क जग्गा प्राप्त हुने आधार प्राप्त भएपछि तत्काल खरिद कार्य अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा गरियो:

**तपसिल**

| क.सं. | आयोजना | वडा | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि उपज संकलन केन्द्र भवन निर्माण | ६ | महत | |
| २ | चिस्यान केन्द्र निर्माण | ३ | रतुवामारे | |

**निर्णय नं. ७:**

स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत आयोजना कार्यान्वयनका लागि बोलपत्र आव्हान गरिएकोमा घटाघटबाट बचत हुन गएको रकमबाट दोहोरो नपर्ने गरी खरिद प्रक्रिया बमोजिम पुनः थप कार्यान्वयन गर्ने निर्णय गरियो।

**तपसिल**

| क.सं. | आयोजना/कार्क्रम | बचत रकम | कैफियत |
|---|---|---|---|
| १ | झारखुम खाल मसिना आरुबाङ सडक | ३२६५९४ | |
| २ | गैरीगाउँ बुढागाउँ गहुँकम्द सडक | १३७६८९ | |
| ३ | धर्मशाला लाबाङ चुनबाङ सडक | ४७८०४ | |
| ४ | आवि गुनाम भवन निर्माण | ३१०९३६ | |
| ५ | आवि झुम्लाबाङ भवन निर्माण | ३४२०११ | |
| ६ | मावि कुचिबाङ भवन निर्माण | ६५६९९६ | |
| ७ | आवि मोराबाङ भवन निर्माण | ७९८००५ | |
| ८ | आवि रुजिखोला भवन निर्माण | २७७५०६ | |
| ९ | आवि सिमचौर भवन निर्माण | २२१५११ | |

निर्णय प्रमाणित गर्दछु
हस्ताक्षर:
मिति
पद

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | निर्णयमा फरक मतको अभिलेख<br>फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| — | — | कुनै पनि सदस्यको फरक मत नरहेको। | |

निर्णय प्रमाणित गर्दछु ।
हस्ताक्षर:
मिति : २०७९।०९।०४
पद :